बनगाड कुपिण्डे नगरपालिका

# वनगाड कुपिण्डे राजपत्र

खण्ड : १ संख्याः ५ मितिः २०८०/५/५

**भाग-६**

**वनगाड कुपिण्डे नगरपालिका**

सम्वत् २०८० सालको कानुन

प्रमाणिकरण मितिः२०७९।०३।२०

प्रकाशन मितिः २०७९।०३।२५

## वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५

वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार नगरसभाले देहाय बमोजिमको ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन (प्रथम संशोधन) २०७९" रहने छ । (२) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ।

२. **वनगाड कुपिण्डे नगरपालिकको शिक्षा ऐन २०७५ को दफा ४(१) मा संशोधनः** वनगाड कुपिण्डे नगरपालिकाको शिक्षा ऐन २०७५ (यस पछि "मुल ऐन" भनिएको) को दफा ४ (१) लाई संशोधन गरि निम्नानुसार बनाइएको छ । "नगरकार्यपालिकाले हाल सञ्चालनमा रहेका विद्यालयहरुलाई दुरी, विद्यार्थी संख्या, गुणस्तरियता, सञ्चालन क्षमताको आधारमा गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न वा आवश्यक भए/नभएको प्रयास आधार भएमा बन्द गर्न वा आवश्यक

क्षेत्रमा खोल्न वा कक्षा थप्ने वा घटाउने गरी सञ्चालन गर्न अनुमति वा स्विकृति दिन वा नाम परिवर्तन गर्न सम्बन्धित वडा शिक्षा समितिको सहमति, नगर शिक्षा समितिको राय अनुसार निर्णय गर्न सक्नेछ ।"

३. **मुल ऐनको दफा १६ (१) मा संशोधन** : मुल ऐनको दफा १६(१) लाई संशोधन गरी निम्नानुसार बनाइएको छ ।

नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिको नगर शिक्षा समिति रहने छ ।

क) नगर प्रमुख -अध्यक्ष

ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग) नगरकार्यपालिकाले तोकेको शिक्षा हेर्ने बिषयगत समितिका संयोजक - सदस्य

घ) नगरकार्यपालिकाले सभासदस्य मध्येबाट तोकेका एक जना दलित महिला सहित २जना – सदस्य

ङ) समाजसेवी तथा शिक्षाप्रेमीहरु मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेका १ जना - सदस्य

च) सामुदायिक तथा संस्थागत विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट
नगर प्रमुखले मनोनित गरेका १ जना - सदस्य

छ) आधारभुत तथा माध्यमिक विद्यलयका प्रधानाध्यापक मध्यबाट नगर प्रमुखले मनोनित गरेका १ जना- सदस्य

ज) नगर खेलकुद विकास समिति अध्यक्ष १ जना - सदस्य

झ) अपाङ्ग शिक्षक मध्यबाट शिक्षा समिति अध्यक्षले तोकेको १ जना सदस्य

ञ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव